# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, वैशाख ७ गते, २०८३ साल (संख्या २

## भाग ३

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना

**संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर ०१**

**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (तेस्रो संशोधन) नियमावली, २०८३**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यी नियमहरूको नाम "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (तेस्रो संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३१ मा संशोधन</u>** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३१ को उपनियम (१) पछि देहायका उपनियम (१क) र (१ख) थपिएका छन् :-

"(१क) अर्थ मन्त्रालयले ऐनको दफा २० को उपदफा (३) बमोजिमको पूँजीगत रकमको रकमान्तर गर्ने अधिकार कुनै निकायको लेखा उत्तरदायी अधिकृतलाई ऐनको दफा ६३ बमोजिम प्रत्यायोजन गर्न सक्नेछ।

(१ख) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१क) बमोजिम प्रत्यायोजन गरिएको अधिकारको प्रयोगको जवाफदेहिता सम्बन्धित लेखा उत्तरदायी अधिकृतमा निहित रहनेछ।"

**आज्ञाले,**
**डा. घनश्याम उपाध्याय**
**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।